**MANGAL RESEARCH JOURNAL** **Received:** 27-09-2025 **ISSN:** 2773-7802
**Volume** 6, December 2025, **pp:** 123-133 **Accepted:** 11-11-2025 **DOI:** https://doi.org/10.3126/mrj.v6i1.88204

# कक्षा दशमा अध्यापनरत नेपाली शिक्षकहरूको कक्षा प्रस्तुति र कार्यकलाप

**डा. दुर्गाप्रसाद दाहाल**

महेन्द्ररत्न बहुमुखी क्याम्पस, ताहाचल, काठमाडौं, नेपाल
Email: 123durgadahal@gmail.com
ORCID: 0009-0003-0816-8844

**लेखसार**

*यस अध्ययनको उद्देश्य कक्षा दशमा अध्यापनरत नेपाली भाषा शिक्षकहरूको कक्षा प्रस्तुति र शिक्षण सिकाइ कार्यकलापहरूको अवस्थाको विश्लेषण गर्नु हो । यस अनुसन्धानमा गुणात्मक ढाँचा र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनका लागि दश जना नेपाली भाषा शिक्षकहरूको कक्षा अवलोकनका साथै उनीहरूसँगको छोटो अन्तर्वार्ताबाट तथ्य सङ्कलन गरिएको छ। सङ्कलित तथ्यलाई मुख्यतः तिन विषय– कक्षा प्रस्तुति, शिक्षण सिकाइ कार्यकलाप र कक्षा व्यवस्थापन तथा पेसागत व्यवहार अनुसार विषयगत विश्लेषणको प्रक्रियाबाट विश्लेषण गरिएको छ । यस अध्ययनबाट अधिकांश शिक्षकहरूले पाठको प्रारम्भमा सिकाइगत उद्देश्य स्पष्ट पार्ने प्रयास गरेको देखिएको छ। यसै गरी उदाहरणको प्रस्तुतिमा सकारात्मक प्रस्तुति सिप प्रयोग गरेको पाइएको छ । शैक्षिक प्रविधिको उपयोग, विद्यार्थीलाई शिक्षण सिकाइ कार्यकलापमा सक्रिय सहभागी बनाउने रणनीतिका साथै अन्तर्क्रियात्मक प्रकृतिको कक्षा व्यवस्थापन पक्षमा निकै सुधारको आवश्यकता देखिएको छ। त्यस्तै, कक्षामा शिक्षण सिकाइ कार्यकलापहरूमा शिक्षकले आफूलाई सहजकर्ताको भूमिकामा राखेर कक्षामा अन्तर्क्रियालाई बढाउने विधिहरू अपेक्षाकृत सीमित रूपमा प्रयोग भएको पाइएको छ । यस अध्ययनले नेपाली भाषा शिक्षणमा शिक्षकहरूको प्रस्तुति शैली, शिक्षण सिकाइ क्रियाकलाप छनोट र कक्षाको व्यवस्थापन अझ लोकतान्त्रिक प्रकृतिको बनाई अझ सुदृढ पार्न आवश्यक रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** कक्षा प्रस्तुति, कक्षा व्यवस्थापन, पेसागत व्यवहार, लोकतान्त्रिक कक्षा व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप ।

## विषय प्रवेश

भाषा सिकाइलाई कक्षाभित्र शिक्षकले गर्ने प्रस्तुति, शिक्षण सिकाइ कार्यकलाप र कक्षा व्यवस्थापनले व्यवस्थित बनाउने गर्दछ। भाषा सिकाइ केवल पाठ्यपुस्तकमा आधारित सामग्री प्रस्तुतिमा मात्र सीमित नभई भाषा सिकाइका क्रममा शिक्षकको हाउभाउ, आवाजको उतार चढाव, उदाहरण प्रयोग, कक्षा शिक्षणका क्रममा शिक्षण सामग्रीको विविधता तथा विद्यार्थीसँगको अन्तर्क्रियाले महत्त्वपूर्ण भूमिका खेल्छ। रिचर्डस र लकहर्ट (सन् १९९६) ले प्रभावकारी कक्षा प्रस्तुति शिक्षकको उपस्थिति, प्रस्तुति सिप तथा विद्यार्थी संलग्नताको स्तरमा आधारित हुने बताएका छन् ।

नेपालमा गरिएका धेरै अध्ययनहरूले नेपाली भाषाको सिकाइ अझै पनि परम्परागत व्याख्यान आधारित शैलीमा सीमित रहेको देखाएका छन्। साह (२०८०) द्वारा गरिएको अध्ययनमा माध्यमिक तहका भाषा कक्षाहरूमा शिक्षक केन्द्रित विधिको प्रभुत्व कायम रहेको र विद्यार्थी केन्द्रित

अन्तर्क्रियात्मक कार्यकलाप अत्यन्त सीमित रूपमा हुने गरेको निष्कर्ष निकालिएको पाइन्छ। जैसी (२०७५) द्वारा पनि नेपाली कक्षाहरूमा सिकाइ उद्देश्य स्पष्ट रूपमा प्रस्तुत नगर्ने, सबैजसो प्रस्तुति एकनासे प्रकृतिका रहने र कक्षाकोठामा शैक्षिक सामग्री तथा सूचना सञ्चार प्रविधिको उपयोग न्यून हुने बताइएको छ। यस्तै बस्नेत (२०७९) ले कक्षा आकर्षक र प्रभावकारी बनाउन सक्षम दृश्यात्मक सामग्री वा विद्युतीय स्रोतहरूको अभावले सिकाइलाई रुचिपूर्ण बनाउन नसकेर निरस बनाउने उल्लेख गरेका छन्। यी अध्ययनहरूका निष्कर्षहरूले कक्षाभित्र शिक्षक प्रस्तुति र कार्यकलापमा अझै सुधार गर्न आवश्यक रहेको औँल्याएको छ।

त्यस्तै शिक्षण सिकाइ कार्यकलापका क्रममा अझै विद्यालय तहमा व्याख्यान विधिमै निर्भरता उच्च हुनु, अभ्यासमा आधारित कार्यकलापको न्यून प्रयोग, तथा समूह/युगल कार्यका आधारमा शिक्षण सिकाइ कार्यकलाप सञ्चालन नहुनु नेपालमा विद्यालय तहका भाषा शिक्षणमा धेरै समयदेखि देखिएका विद्यमान रहेका चुनौती हुन्। हार्मर (सन् २००८) र ब्राउन (सन् २००७) ले भाषा सिकाइमा विद्यार्थीलाई सक्रिय र सार्थक बनाउन विद्यार्थी केन्द्रित कार्यकलाप अनिवार्य मानेका छन् तर नेपाली भाषा शिक्षणका क्षेत्रमा भएका उपलब्ध अनुसन्धानहरूले यो अभ्यास कक्षामा पूर्ण रूपमा नभई सीमित रूपमा मात्र भएको देखाएका छन्।

कक्षा व्यवस्थापनका सन्दर्भमा गरिएका अध्ययनहरूले शिक्षक केवल कक्षाकोठामा विद्यार्थीलाई अनुशासनमा राख्नमा केन्द्रित भए पनि शिक्षणतर्फ विद्यार्थीलाई ध्यानाकर्षण गर्ने रणनीति, र समय व्यवस्थापनको क्षमतामा निकै भिन्नता प्रस्तुत गरेका छन्। शाही (सन् २०२४) ले विद्यालयमा बहुभाषिक पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री तथा स्थानीय भाषा विज्ञको व्यवस्थापन नगरिएको तथा सिकाइ सहजीकरण प्रक्रियामा केवल परम्परागत विधि र सामान्य अनुवाद विधिको प्रयोगले विद्यार्थीलाई सिकाइमा कठिनाइ उत्पन्न भएको निष्कर्ष निकालिएको छ। उनले शिक्षकहरूको शिक्षण सिकाइ कार्यकलाप विषयवस्तुमा केन्द्रित भए पनि कक्षा व्यवस्थापन सिपमा निकै सुधारको आवश्यकता देखिएकाले यसमा स्थिरता सिर्जना गर्न आवश्यक भएको निष्कर्ष प्रस्तुत गरेका छन्। यसले आजको शिक्षण सिकाइका लागि कक्षाको वातावरण सैद्धान्तिक रूपमा महत्वपूर्ण आधार भएकाले व्यवहारमा पर्याप्त रूपमा ध्यान नदिएको देखिन्छ।

यस पृष्ठभूमिमा कक्षा दशका नेपाली भाषा शिक्षकले कक्षामा शिक्षण कार्यकलाप कसरी सञ्चालन गर्छन्, उनीहरूको प्रस्तुति कत्तिको स्पष्ट, आकर्षक र विद्यार्थीमैत्री छ, शिक्षण सिकाइ कार्यकलापमा विविधताको स्थिति कस्तो छ ? तथा कक्षा व्यवस्थापनमा नेपाली भाषा शिक्षकको भूमिका कस्तो देखिन्छ भन्ने विषयमा अझै विस्तृत रूपमा अध्ययन भएको देखिँदैन।

यसैले यो अध्ययनले नेपाली भाषा शिक्षणका कक्षाभित्र देखिने वास्तविक अभ्यास र कार्यकलापगत यथार्थलाई प्रस्तुत गर्ने उद्देश्यका साथ कक्षा दशका नेपाली भाषा शिक्षकहरूको कक्षा प्रस्तुति र शिक्षण कार्यकलापहरूको अवस्थाको विश्लेषण गर्ने उद्देश्य बनाएको छ।

यसले माध्यमिक तहमा नेपाली भाषा सिकाइमा देखिएको शिक्षण सिकाइको प्रस्तुति र कार्यकलापगत यथार्थ पहिचान गर्न, माध्यमिक तहका नेपाली भाषा शिक्षण सिकाइ प्रभावकारी बनाउनका लागि शिक्षक तालिमका प्राथमिकता क्षेत्रहरू निर्धारण गर्न र कक्षाकोठा व्यवस्थापनमा विद्यार्थी केन्द्रित

शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्नेतर्फ सुधारका लागि आवश्यक सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा र वर्णनात्मक विधिको प्रयोग गरिएको छ। यस अध्ययनका लागि कक्षा दशमा नेपाली विषय अध्यापनरत दश जना शिक्षकहरूलाई उद्देश्यपूर्ण रूपमा नमुनाका लागि छनोट गरिएको थियो । तथ्य सङ्कलनका लागि ती शिक्षकहरूको कक्षा अवलोकन गरी अवलोकन टिप्पणी प्रयोग गरियो । यसका साथै तथ्य सङ्कलनका लागि अर्ध संरचित अन्तर्वार्ता पनि प्रयोग गरिएको थियो ।

कक्षा दशमा नेपाली विषय अध्यापनरत प्रत्येक शिक्षकको दुई ओटासम्म कक्षा अवलोकन गरियो । अवलोकनका क्रममा शिक्षकको प्रस्तुति शैली, शिक्षण कार्यकलाप, कक्षामा गरिने अन्तर्क्रियाका क्रममा उपयोग गरिएको भाषा प्रयोग, शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थी सहभागिता र कक्षा व्यवस्थापनसम्बन्धी विषयमा आवश्यक टिपोट गरियो। कक्षा अवलोकन समाप्त भएको केही समयपछि कक्षा अवलोकनका विषयमा टिपिएका टिपोटमा अझ थप स्पष्ट बन्नका लागि प्रत्येक शिक्षकसँग १५-२० मिनेटको अन्तर्वार्ता पनि गरियो। यसबाट अवलोकनमा देखिएका पक्षहरूका विषयमा थप स्पष्ट धारणा निर्माण गर्न सहयोग पुगेको थियो ।

सङ्कलित तथ्यहरू विषयगत विश्लेषण विधिबाट परीक्षण गरियो। यसका लागि तथ्यसँग परिचय, प्रारम्भिक कोडिङ, कोडहरू समूहिकरण र अन्तिम रूपमा विषय निर्माणका चरणहरू अपनाइयो। अन्ततः, तीन ओटा प्रमुख विषय – कक्षा प्रस्तुति, शिक्षण सिकाइ कार्यकलाप र कक्षा व्यवस्थापन तथा पेसागत व्यवहार निर्धारण गरियो ।

यस अनुसन्धानका सबै चरणमा नैतिक पक्षलाई अत्यन्तै महत्त्व दिइएको छ। सबै शिक्षकहरूबाट प्राप्त तथ्यलाई अध्ययनका क्रममा उपयोग गरिने मौखिक सहमति लिइएको छ। यस अध्ययन प्रारम्भ गर्नुपूर्व नै छनोट गरिएका शिक्षकहरूलाई यस अध्ययनको उद्देश्य स्पष्ट रूपमा अवगत गराइयो । यस अध्ययनमा सहभागी भएका शिक्षकहरूको नाम गोप्य राखिएको छ। सहभागी नेपाली भाषा शिक्षकहरूबाट सङ्कलित तथ्यहरू केवल शैक्षिक अनुसन्धानकै लागि मात्र प्रयोग गरिएको छ ।

## परिणाम र छलफल

### कक्षा प्रस्तुति सिप

नेपाली भाषा शिक्षकका कक्षा अवलोकनका आधारमा अधिकांश भाषा शिक्षकहरूले कक्षाको प्रारम्भमा कक्षाकोठामा अभिवादन, हाजिरी, पाठको शीर्षक र सिकाइ उद्देश्यको जानकारी दिनाका लागि सो कुरा उल्लेख गर्ने सामान्य प्रक्रिया पालन गरेको पाइयो । यसले विद्यार्थी र शिक्षक बिचको आत्मीय सम्बन्ध प्रस्ट देखिन्छ। विद्यार्थी र शिक्षक बिचको सिकाइगत निकटता कक्षाको शिक्षकको प्रस्तुतिबाट अझ उजागार हुन्छ। सूचक ज ले *"म आफूले पढाउने पाठको उद्देश्यको जानकारी कक्षामा गराउँछु तर त्यसलाई विद्यार्थीले कसरी पूरा गर्न सक्छन् भन्ने विषयमा उनीहरूसँग छलफल र अन्तर्क्रिया गर्न आवश्यक ठान्दिनँ ।"* भन्ने भनाइमा अधिकांश नेपाली भाषा शिक्षकले सहमति

जनाएका छन् । यसबाट कक्षामा सिकाइ उद्देश्यलाई विद्यार्थीमैत्री तरिकाले खुलाएर स्पष्ट पार्ने योजना तयार पारेर व्यवस्थित गरेको देखिएन । सूचक ङ ले "*म कक्षाका लागि उद्देश्य जानकारी गराए पछि त्यसलाई विद्यार्थीसँगै बसेर पूरा गर्ने योजना बनाएर अघि बढ्छु*" भन्ने भनाइ धेरै सूचकबाट प्राप्त नभएकाले योजनाबद्ध भाषा शिक्षणको अभ्यास नेपाली भाषा शिक्षणका क्रममा त्यति प्रभावकारी रूपमा कार्यान्वयन भएको पाइएन । धेरै शिक्षकहरूले भाषा शिक्षणको उद्देश्य विद्यार्थीका अगाडि पढेर सुनाउने गरेको पाइए पनि त्यसलाई पूरा गर्न विद्यार्थीले केकस्ता कार्यहरू गर्नुपर्छ भन्ने पक्षलाई उजागार गर्न केन्द्रित नभएको भेटियो ।

कक्षा अवलोकनका क्रममा केही नेपाली भाषाका शिक्षकहरू कक्षामा प्रवेश गर्दा आत्मविश्वासका साथ प्रवेश गर्ने, आवाज ठीकसँग नियन्त्रित गर्ने र उचित हाउभाउ प्रयोग गर्ने अवस्थामा देखिए पनि धेरैजसो नेपाली शिक्षकहरूको कक्षा प्रस्तुतिमा विविधताको सिर्जना हुन नसकेको देखियो । सूचक क ले *"नेपाली विषयमा कक्षा प्रस्तुति एकै किसिमको हुन्छ । पाठ फरक भए पनि पढाउने शैली एउटै नै छ ।"* भने जस्तै आशय अधिकांश सूचकबाट अभिव्यक्त गरिएका छन् । उनीहरू सधैं एउटै ढङ्ग ढाँचामा नेपाली भाषा शिक्षकका रूपमा प्रस्तुत भएका थिए । सूचक छ ले *"म कक्षामा विद्यार्थीलाई हल्ला गर्न दिन्न ।"* भनेझैं अधिकांश सूचकका कक्षा प्रस्तुति भएका बेला विद्यार्थी शान्त थिए । उनीहरूका कक्षा औपचारिक तर कम अन्तर्क्रियात्मक वातावरणमा सीमित थिए । यसले दश कक्षामा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको कक्षा प्रस्तुति धेरैजसो परम्परागत शैलीमै रहेकाले विद्यार्थीहरू कक्षाको प्रारम्भबाट नै सक्रिय बन्ने अवसरबाट वञ्चित रहेको देखिन्छ ।

कक्षा सञ्चालनका क्रममा नेपाली भाषा शिक्षकहरूले शिक्षण सामग्रीको अवलोकन गर्दा दृश्यात्मक साधन वा सूचना सञ्चार प्रविधिका उपकरणहरूको प्रयोग अत्यन्त न्यून भएको पाइयो । सूचक घ ले *"मैले नेपाली विषयका सबै कार्यकलापहरू पाठ्यपुस्तकका आधारमा गराउने गरेको छु ।"* भनेझैं कक्षा दशमा नेपाली भाषा शिक्षण गर्ने धेरै शिक्षकहरूले केवल पाठ्यपुस्तककै आधारमा मात्र कक्षा कार्यकलाप सञ्चालन गरेको भेटियो । यसबाट अधिकांश नेपाली भाषा शिक्षणका कक्षामा विविधता र रोचकता निर्माण गरी सिर्जनात्मक क्षमता विकास गर्नसक्ने सम्भावनाहरूको अभाव भएको सङ्केत गर्छ ।

## शिक्षण सिकाइ कार्यकलाप

अवलोकनका क्रममा सूचक च ले *"मेरो कक्षामा धेरैजसो व्याख्यान विधिको प्रयोग हुन्छ । किताबमा रहेको पाठको व्याख्या गरिदिन्छु । विद्यार्थीले बुझिहाल्छन् । कहिलेकाँही मात्र छलफल विधिको प्रयोग गर्छु ।"* भनेझैं धेरैजसो नेपाली भाषा शिक्षकहरूले आफ्नो कक्षाको शिक्षण सिकाइ कार्यकलापलाई अघि बढाउनका लागि व्याख्यान विधिलाई मुख्य रूपमा प्रयोग गरेको देखियो । शिक्षण सिकाइ कार्यकलापका रूपमा कक्षाकोठामा आफ्ना विद्यार्थीहरूका माझ नेपाली भाषा शिक्षकहरूले पाठ्यपुस्तकमा रहेका पाठ व्याख्या गर्ने, पाठ बुझाउनका लागि केही उदाहरण दिने र पाठ्यपुस्तककै आधारमा सिकाइ सञ्चालन गर्ने गरेको देखियो । यस किसिमको अभ्यास नेपाली भाषा शिक्षणको परम्परागत भाषा शिक्षण सिकाइ अभ्यास मानिन्छ । यस प्रकारको शिक्षण सिकाइ कार्यकलापले

विद्यार्थीहरूलाई भाषिक जानकारी प्राप्त गर्ने अवसर त दिन्छ, तर उनीहरूलाई सक्रिय सहभागी बनाएर सिकाइप्रतिको अपनत्व विकास गर्न पर्याप्त र उपयुक्त देखिएन ।

भाषा सिकाइका लागि सम्बन्धित विद्यार्थीको सहभागितामा योजना निर्माण गर्नुका साथै परियोजना तथा प्रयोगात्मक कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, आविष्कारमुखी अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ (पाविके, २०७८, पृ. ४३) भनेर भाषिक क्रियाकलाप गर्दा विद्यार्थीलाई पर्याप्त अवसर उपलब्ध गराई अभिप्रेरणामूलक तथा सन्दर्भमा आधारित भई शिक्षक सहजकर्ताको भूमिकामा मात्र सीमित हुनुपर्छ भन्ने मान्यता स्थापित गर्न खोजेको देखिन्छ । कक्षा अवलोकनका क्रममा नेपाली भाषा शिक्षणका शिक्षण सिकाइ कार्यकलापमा युगल कार्य, समूह कार्य, छलफल वा विद्यार्थीले गर्ने प्रस्तुति जस्ता अन्तर्क्रियात्मक गतिविधि धेरै कम कक्षामा मात्र प्रयोग भएको पाइयो । सूचक ङ ले *“मेरो कक्षामा पढाइएका विषयवस्तुका विषयमा आफ्ना जिज्ञासा प्रस्तुत गर्न विद्यार्थीहरू स्वतन्त्र हुन्छन् ।”* भनेझैँ केही नेपाली भाषाका शिक्षकले शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीलाई प्रश्न सोध्ने अभ्यास गरे पनि त्यसले कक्षामा विद्यार्थीहरूको व्यापक सहभागिता बढाउन सकेको देखिएन । यसले विद्यालय तहका नेपाली भाषा शिक्षणका कक्षाहरूको शिक्षण सिकाइ कार्यकलाप अझै शिक्षक केन्द्रित नै रहेको देखियो ।

नेपाली भाषा शिक्षणको शिक्षण सिकाइ कार्यकलापमा अभ्यास, कार्यपत्र वा अतिरिक्त सामग्रीको प्रयोग पनि न्यून रहेको पाइयो । अधिकांश शिक्षकहरूले पाठ्यपुस्तकलाई नै सर्वस्व ठानेर त्यसमा निहित सामग्रीमा निर्भर भएर अध्यापन गरेको देखियो । यसले शिक्षण सिकाइ प्रक्रियामा विविधता सिर्जना गर्न र विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सक्रियतापूर्वक सहभागी हुने पर्याप्त अवसर प्रदान गर्न अवरोध सिर्जना गरेको देखियो ।

## कक्षा व्यवस्थापन तथा पेसागत व्यवहार

कक्षा व्यवस्थापनका सन्दर्भमा सूचक छ ले *“मेरो कक्षाका विद्यार्थीहरू समयमा आउँछन्, कक्षा अनुशासित हुन्छ र शिक्षण सहायक सामग्रीहरूको व्यवस्थापन ठिक स्थानमा गरिएको हुन्छ ।”* भनेझैँ नेपाली भाषाका केही शिक्षकहरू समयको पालना, कक्षा सञ्चालनमा नियन्त्रित अनुशासन र सामग्रीको रखाइ व्यवस्थापनमा केन्द्रित रहेका देखिए । उनीहरूले कक्षाकोठामा प्रवेश गरेपछि आफूलाई केन्द्र बनाएर विद्यार्थीको ध्यान आफूतिर आकर्षित गर्ने प्रयास गरेको देखियो । यस प्रकारको अभ्यास सबै नेपाली भाषा शिक्षकले शिक्षण सिकाइका क्रममा समान रूपमा प्रयोग गरेको देखिएन । अवलोकनका क्रममा नेपाली भाषा शिक्षणका अधिकांश कक्षामा विद्यार्थीलाई शान्त बनाउने कार्य चुनौतीपूर्ण रहेको पाइयो । विद्यार्थीहरूको ध्यान शिक्षण सिकाइ कार्यकलापमा भन्दा अन्यत्र केन्द्रित भएको पाइयो ।

विद्यार्थीलाई शिक्षण सिकाइ कार्यकलापमा संलग्न गराउने सरल तर प्रभावकारी सिपहरू, जस्तै सङ्केत गर्ने तरिका, स्थान परिवर्तन वा ध्यानाकर्षणका निम्ति ससाना रणनीति, शिक्षकहरूले पर्याप्त रूपमा प्रयोग गरेको पाइएन । यसले कक्षामा विद्यार्थीको सक्रिय सहभागिता र उनीहरूको शैक्षिक उपलब्धि पनि प्रभावित बनेको देखियो ।

सूचक ञ ले *"म आफ्नो पेसाप्रति सन्तुष्ट छु । म बिना हिचकिचाहट स्पष्ट बोलीमा प्रस्तुत भएर आफ्नो शिक्षण कार्यकलाप सञ्चालन गर्छु ।"* भनेझैँ अवलोकनका क्रममा पेसागत व्यवहारका दृष्टिले केही शिक्षकहरू आफ्नो पेसाबाट सन्तुष्ट हुनाका साथै उत्साही, स्पष्ट आवाज भएका तथा आत्मविश्वासी देखिए । तर अधिकांश शिक्षक सूचक झ ले *"म नचाहँदा नचाहँदै शिक्षक बनेँ । शिक्षक कति गाह्रो पेसा रहेछ । कहिल्यै सम्मान पाइँदो रहेनछ । पाठ्यक्रम परिवर्तन भइरहन्छ । जति मिहिनेत गरे पनि कक्षामा सन्तोषजनक प्रस्तुति गर्न सकिन्न ।"* आफ्नो पेसाबाट असन्तुष्ट, निराश र अस्पष्ट रहेका थिए । विषयवस्तु प्रस्तुत गर्ने शैलीमा औपचारिकता मात्र थियो विविधताको सिर्जना भएको थिएन । यसले विद्यार्थी भाषा शिक्षण सिकाइप्रति प्रोत्साहित हुने कम सम्भावना देखियो ।

यस अध्ययनका निष्कर्षहरूले कक्षा दशका नेपाली भाषा शिक्षकहरूको कक्षा प्रस्तुति, शिक्षण सिकाइ कार्यकलाप र कक्षा व्यवस्थापनका पक्षमा उल्लेख्य चुनौती र सीमाहरू रहेको पुष्टि गर्छन् । यी निष्कर्षहरू नेपाली भाषाको शिक्षणसम्बन्धी विगतका अध्ययनहरूसँग धेरै पक्षहरूसँग मिल्दाजुल्दा छन् ।

## कक्षाकोठाको प्रस्तुति : विगतका अध्ययनसँगको सङ्गति

यस अध्ययनमा कार्की (२०७२), निरौला (२०७४) र साह (२०८०) द्वारा गरिएको अध्ययनमा बताइझैँ कक्षामा अध्यापन गर्नु अघि कुनै पनि नेपाली भाषाका शिक्षकहरूले पाठयोजना निर्माण गर्ने नगरेको पाइएको छ । अधिकांश शिक्षकहरूको कक्षा प्रस्तुति परम्परागत र कम अन्तर्क्रियात्मक रहेको पाइएको छ । पूर्वज्ञान वा पूर्वानुभवको क्रियाकलाप सञ्चालनपछि यो दिनको शिक्षण कार्यकलाप सञ्चालन गर्नुपर्दछ (रिमाल, २०५३, पृ. १२८) भन्ने कुरा आत्मसात् गरेको पाइएन । नेपाली भाषा शिक्षकको कक्षाकोठाको प्रस्तुतिमा सिकाइ उद्देश्यका विषयमा विद्यार्थीलाई स्पष्ट पार्ने अभ्यास कमजोर हुनु, सामग्री वा सूचना सञ्चार प्रविधिको प्रयोग न्यून हुनु र प्रस्तुतिमा विविधता सिर्जना हुन सकेको देखिएन । यी सबै रिचर्डस र लकहार्ट (सन् १९९६) ले उल्लेख गरेको शिक्षकका कुराको प्रभुत्वसँग मिल्छ, जहाँ शिक्षकको प्रस्तुति धेरैजसो सूचनामूलक तर विद्यार्थीहरू सिकाइमा कम सहभागी हुने बताइन्छ ।

कक्षामा शिक्षण कार्यकलाप दोहोरो (शिक्षक–विद्यार्थी) किसिमको हुन्छ तर यो पाठ्यांश हेरी विद्यार्थीकेन्द्रित हुनु राम्रो मानिन्छ (भण्डारी, २०५७, पृ. ८४) शिक्षण सिकाइ कार्यकलाप विद्यार्थी केन्द्रित र उद्देश्य अनुरूप हुनुपर्छ (आचार्य, २०६४, पृ. ७३) भन्ने मान्यताभन्दा थपलिया (२०७५) र तामाङ (२०७८) ले भनेझैँ शिक्षकहरू अझै व्याख्यान-प्रधान प्रस्तुति शैलीमै सीमित रहेको, सिकाइ उद्देश्यलाई प्रभावकारी रूपमा स्पष्ट नपार्ने र विद्यार्थीको प्रारम्भिक सक्रियता सुनिश्चित गर्न नसक्ने निष्कर्ष पनि यस अध्ययनमा  शिक्षकको प्रस्तुतिमा पुनरावृत्ति भएको पुष्टि भएको छ ।

यसै गरी  नेपाली भाषा शिक्षणमा सूचना प्रविधिको आवश्यकता छ तर यसको प्रयोग अवस्था भने कमजोर रहेको निष्कर्ष जैसी (२०७५) र बस्नेत (२०७९) को अध्ययनमा देखिएको कुरा यो अध्ययनको परिणामसँग मेल खान्छ । यसरी नेपाली भाषा शिक्षकको कक्षाकोठाको प्रस्तुति आधुनिक शिक्षण अभ्याससँग पूर्ण रूपमा जोडिन नसकेको देखिन्छ ।

## शिक्षण सिकाइ कार्यकलापहरू : निर्माणवादी साहित्यसँगको सहमति

यस अध्ययनमा कक्षाहरू व्याख्यान प्रधान देखिनु, शिक्षण सिकाइ कार्यकलापमा विद्यार्थी सहभागिता कम हुनु र कक्षाकोठामा अन्तर्क्रियात्मक गतिविधिको कमी हुनु जस्ता सबै संरचनावादी शिक्षणपद्धतिमा प्रस्तावित विद्यार्थी केन्द्रित सिकाइ सिद्धान्तसँग विपरीत दिशा हुन् ।

ब्राउन (सन् २००७) र हार्मर (सन् २००८) ले विद्यार्थी केन्द्रित कार्यकलापहरू, युगल कार्य, समूह कार्य, समस्यामा आधारित कार्यकलाप र विद्यार्थी शिक्षक बिच हुने अन्तर्क्रियालाई सिप विकासका लागि अनिवार्य ठान्छन् । तर, यहाँ देखिएको नेपाली भाषा शिक्षणको शिक्षण सिकाइ कार्यकलापको अभ्यास अझै शिक्षक नेतृत्वमा सीमित छ। यसले कक्षाकोठाको शिक्षण सिकाइ कार्यकलापमा विद्यार्थीको सक्रिय सहभागितालाई अवरुद्ध गर्छ ।

नेपाली कक्षाकोठामा गरिएका अध्ययनहरू (जस्तै निरौला २०७४; गौतम (२०७४) मा पनि व्याख्यान विधि अत्यधिक प्रयोग हुने, शिक्षक सिकाइमा पाठ्यपुस्तक निर्भरता उच्च हुने र अभ्यासगत सामग्रीको अभाव देखा परेको बताइएको छ। यस अध्ययनका निष्कर्षहरू पनि यिनीहरू सबैसँग मिल्न गएका छन् । यसरी शिक्षण सिकाइ कार्यकलापमा विविधताका अभाव भएका विद्यालय तहका नेपाली भाषा शिक्षण पद्धतिमा विद्यमान संरचनागत र व्यवहारगत समस्या निरन्तर रूपमा कायम रहेको सङ्केत हो ।

## कक्षाकोठा व्यवस्थापन र पेसागत व्यवहार : पूर्व अनुसन्धानको निरन्तरता

यस अध्ययनका क्रममा कक्षा व्यवस्थापन असमान देखिनु–कसैमा राम्रो, कसैमा कमजोर–नेपाली भाषा शिक्षणका कक्षाकोठा यस अघि गरिएका धेरै अनुसन्धानसँग मेल खान्छ । शाही (सन् २०२४) ले शिक्षकहरू सामान्यतया विषयवस्तुमा केन्द्रित भए पनि कक्षा व्यवस्थापन सिपमा वैचारिक र व्यवहारगत अन्तर रहेको उल्लेख गर्छन् ।

यस अध्ययनमा देखिएको–आँखाको सम्पर्क कम हुनु, हाउभाउ एकनास हुनु, आवाजको उतार चढावमा कमजोरी हुनु–यी सबै रिचर्डस र लकहार्टले वर्णन गरेको शिक्षकको उपस्थितिको सीमित विकाससँग मेल खान्छन् । पेसागत व्यवहार असमान हुनु मार्गदर्शन गर्ने आत्मविश्वासको असमान विकासलाई पनि सङ्केत गर्छ, जुन फ्रिम्यान (सन् १९९१) ले अनुभव र तालिमका आधारमा फरक फरक रूपमा विकास हुने बताएका छन् ।

समग्रमा, यस अध्ययनले प्रस्तुत गरेको नेपाली कक्षाकोठाको शिक्षण सिकाइ कार्यकलापगत अभ्यास अझै परम्परागत, शिक्षक केन्द्रित, सीमित सामग्रीमा केन्द्रित र असमान व्यवस्थापनमा नै सञ्चालन रहेको पुराना अध्ययनहरूलाई पुनः पुष्टि गर्छ ।

विद्यार्थीहरूको सक्रिय सहभागिता भएन भने शिक्षकले जतिसुकै बौद्धिक आदर्शका साथ कुशल शिक्षण गरे पनि त्यो अर्थहीन हुन जान्छ (भण्डारी, २०५७, पृ. ५८) भन्ने मान्यता आत्मसात् गरी नेपाली भाषा शिक्षणका कक्षामा अन्तर्क्रियात्मक शिक्षण रणनीति, विद्यार्थीको सक्रिय सहभागिता, सूचना सञ्चार प्रविधिको प्रयोग र कक्षा व्यवस्थापन सिपहरू शिक्षकलाई आवश्यक भन्ने कुरा

सैद्धान्तिक रूपमा ज्ञात भए पनि व्यवहारमा ती पक्षहरू पर्याप्त रूपमा कार्यान्वयन भएका देखिँदैनन् ।

यस अध्ययनले नेपाली भाषा शिक्षकहरूको पेसागत विकास कार्यक्रम विशेष गरी प्रस्तुति सिप, सहभागितामूलक शिक्षण कार्यकलाप र कक्षा व्यवस्थापन अझ बढी सक्रिय, व्यावहारिक र समानतामूलक हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ ।

## निष्कर्ष

यस अध्ययनले कक्षा दशका नेपाली भाषा शिक्षकहरूको कक्षा प्रस्तुति, शिक्षण सिकाइ कार्यकलाप र कक्षा व्यवस्थापनका अभ्यासमा उल्लेख्य विविधता र स्पष्ट कमजोरी रहेको देखाएको छ । अधिकांश शिक्षकहरूले कक्षा सुरु गर्ने आधारभूत कार्यहरू नियमित रूपमा गरे पनि उनीहरूको प्रस्तुति शैली परम्परागत र कम अन्तर्क्रियात्मक पाइयो । कक्षा दशमा अध्यापनरत नेपाली भाषा शिक्षणको शिक्षण सिकाइ कार्यकलापमा व्याख्यान विधिको उच्च प्रयोग र विद्यार्थी सहभागिताको न्यूनता देखियो, यसले सिकाइ प्रक्रियालाई विद्यार्थीबाट विमुख बनाएर शिक्षक केन्द्रित बनाएको देखिन्छ ।

भाषा शिक्षकले धेरै नै रोचक ढङ्गबाट विषयको प्रतिपादन कक्षामा गर्नुपर्दछ, यसबाट विद्यार्थीमा रूचि जागृत हुन्छ र विषयलाई पढ्ने प्रेरणा मिल्दछ (दुबे, मि.न.,पृ. १९) भन्ने मान्यतालाई नेपाली भाषा शिक्षकहरूको कक्षा व्यवस्थापनमा पूर्ण रूपमा उपयोग गरेको देखिएन । नेपाली भाषाका शिक्षकको कक्षा व्यवस्थापनमा पनि समानता देखिएन । केही शिक्षकले कक्षा राम्रोसँग सञ्चालन गरे पनि धेरैजसो शिक्षकले विद्यार्थीको ध्यानाकर्षण, अनुशासन र सक्रियता कायम गर्न कठिनाइ बेहोर्नु परेको भेटियो । यस अध्ययनबाट प्राप्त निष्कर्षहरू विगतका अध्ययनहरूसँग मेल खाने मात्र होइन, नेपाली कक्षाकोठा अभ्यासले अझै विद्यार्थी केन्द्रित सिकाइ र प्रस्तुति सिपलाई प्राथमिकता दिन नसकेको सङ्केत गर्छ ।

समग्रमा यस अध्ययनले नेपाली भाषा शिक्षकहरूलाई प्रस्तुति सिप, अन्तर्क्रियात्मक गतिविधि सञ्चालन र कक्षा व्यवस्थापनमा थप सुदृढ र व्यवहारिक प्रशिक्षण आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

## सुझावहरू

यस अध्ययनले नेपाली भाषा शिक्षकहरूको कक्षा प्रस्तुति, शिक्षण सिकाइ कार्यकलाप सञ्चालन र कक्षा व्यवस्थापनमा देखापरेका कमजोरीका आधारमा केही व्यावहारिक सुझावहरू प्रस्तुत गर्दछ ।

पहिलो सुझावका रूपमा कक्षा दशमा अध्यापनरत नेपाली भाषा शिक्षकहरूको प्रस्तुति सिप सुदृढ गर्न आवश्यक छ। आवाजको उतार-चढाव, आँखाको सम्पर्क, हाउभाउ तथा सिकाइ उद्देश्यलाई सहज र रोचक रूपमा प्रस्तुत गर्ने तरिकामा नियमित अभ्यास र तालिम उपलब्ध गराउनु पर्छ। यसले कक्षाको प्रारम्भलाई प्रभावकारी बनाउनेछ र विद्यार्थीको ध्यान शिक्षकतर्फ आकर्षित गर्न मद्दत गर्नेछ ।

दोस्रो सुझावका रूपमा, कक्षालाई विद्यार्थी केन्द्रित बनाउने अन्तर्क्रियात्मक गतिविधिको प्रयोग विस्तार गर्नुपर्छ । व्याख्यानमाथि बढी निर्भर रहने अभ्यासलाई घटाउँदै शिक्षकले युगल कार्य, समूह कार्य, छलफल, अभ्यासमा आधारित कार्य, वा छोटा प्रस्तुति जस्ता विधिहरूलाई कक्षामा नियमित रूपमा समावेश गर्न आवश्यक छ। यस्ता कार्यकलापले विद्यार्थीलाई शिक्षण सिकाइमा सक्रिय बनाउँछन् र सिकाइलाई व्यवहारिक तथा अर्थपूर्ण बनाउँछन्। बोध र अभिव्यक्ति क्षमतालाई प्रभावकारी बनाउन के, कस्ता उपायहरू अपनाउन सकिन्छ जस्ता कुराहरू ध्यान दिन आवश्यक हुन्छ (लामिछाने, २०६९, पृ. २) भन्ने कुरातर्फ आगामी दिनमा नेपाली भाषा शिक्षकहरूले विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

तेस्रो सुझावका रूपमा शिक्षकले शिक्षण उद्देश्यसँग मिल्ने गरी आफूलाई र विद्यार्थीको लागि उपयुक्त किसिमको शैक्षणिक कार्यकलाप समावेश गर्नुपर्छ (श्रेष्ठ, २०४९, पृ. १५) भनेझैं एक्काइसौँ शताब्दीमा नेपाली भाषा शिक्षण सामग्री र कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियामा सूचना सञ्चार प्रविधिको प्रयोग बढाउनु महत्वपूर्ण देखिन्छ। पाठ्यपुस्तक मात्र प्रयोग गर्दा कक्षाका शिक्षण सिकाइ कार्यकलाप एकनास हुने भएकाले शिक्षकलाई दृश्य सामग्री, कार्यपत्र, तालिका, भिडियो, तथा उपलब्ध विद्युतीय उपकरण प्रयोग गर्ने वातावरण र सहयोग आवश्यक छ। विद्यालयले यस्ता सामग्री र प्राविधिक साधन उपलब्ध गराउन सके नेपाली भाषा शिक्षण सिकाइ प्रक्रियामा विविधता र आकर्षण बढ्नेछ। विद्यालयका नेपाली भाषा शिक्षकहरूले आफ्नो कक्षाकोठामा सूचना सञ्चार प्रविधिको प्रयोग गरी आफूलाई नियन्त्रकको भूमिकाभन्दा निर्देशकको भूमिकातर्फ अघि बढाएर शिक्षण सिकाइ कार्यकलापमा विद्यार्थीको सक्रिय सहभागिता बढाउनेतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

अन्त्यमा कक्षा व्यवस्थापन र पेसागत व्यवहार सुदृढ गर्न शिक्षकहरूलाई व्यावहारिक तालिम र सहकर्मी सहयोग वातावरण आवश्यक छ। विद्यार्थी ध्यानाकर्षणका सरल तर प्रभावकारी रणनीति, अनुशासन कायम गर्ने तरिका, समय व्यवस्थापन तथा सकारात्मक कक्षा वातावरण निर्माण गर्ने सिपमा नियमित तालिम र अभ्यास आवश्यक देखिन्छ। सिकाइ कार्यकलाप पूर्व अनुभवसँग सम्बन्धित, उद्देश्य पूरा गर्न सकिने, सहायक सामग्रीको अधिकतम उपयोग गर्न सकिने सबै स्तरका विद्यार्थीका लागि उपयोगी हुने किसिमको भएमा राम्रो मानिन्छ (दाहाल र ढुङ्गेल, २०७०, पृ. २९२) भन्ने कुरालाई आत्मसात् गरी सहकर्मी अवलोकन, लघु शिक्षण र अनुभव आदानप्रदान सत्रले शिक्षकलाई निरन्तर सुधार गर्न सहयोग पुऱ्याउन सक्छ। व्यक्ति भाषाकै चौघेरामा जन्मिन्छ र त्यही भाषिक वातावरणमा हुर्कदै जान्छ। त्यही हुर्काइ वा उमेर वृद्धिका क्रममा व्यक्तिमा भाषा बुझ्ने र बोल्ने अभ्यास स्वतः विकसित हुँदै जान्छ (शर्मा र पौडेल, २०७०, पृ. १) भन्ने मान्यतालाई आत्मसात् गर्दै भविष्यका अनुसन्धानले फरक तहका नेपाली भाषा शिक्षकहरूको तुलना, सूचना सञ्चार प्रविधिमा आधारित हस्तक्षेप वा विद्यार्थी दृष्टिकोणबाट भाषा शिक्षणका शिक्षण सिकाइ कार्यकलापगत अध्ययन गरेमा अझ गहन सोच प्रदान गर्नेछ।

## सन्दर्भ सूची


आचार्य, माधवप्रसाद (२०६४). *नेपाली भाषा शिक्षण,* दीक्षान्त प्रकाशन ।

कार्की, पदमबहादुर (२०७२). *माध्यमिक तहमा नेपाली अध्यापन गर्ने शिक्षकहरूको सिपको प्रभावकारिताको अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

गौतम, अम्बिका (२०७४). *कक्षा आठका नेपाली शिक्षकहरूको प्रभावकारिता,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

जैसी, देवीराम (२०७५). *नेपाली भाषा शिक्षणमा सूचना प्रविधिको प्रयोग र प्रभावकारिताको अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७०). *नेपाली भाषा शिक्षण,* एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

तामाङ, चन्द्रबहादुर (२०७८). *आधारभूत तह (कक्षा ४ र ५ ) को नेपाली पाठ्यक्रम (२०६५) को संरचना, प्रयोग, पूर्व तयारी र प्रयोग,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

थपलिया, सिर्जना (२०७५). *माध्यमिक तहको नेपाली पाठ्यक्रम (२०७१) को प्रयोग,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

दुबे, मीरा ( मि.न.), *हिन्दी शिक्षण,* प्रतिभा प्रकाशन ।

निरौला, रोमन (२०७४). *कक्षा नौमा नेपाली भाषा शिक्षणको अवस्था* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

पाविके (२०७८). *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ (भाग १) (कक्षा ९ –१०) अनिवार्य विषयहरू,* पाठ्यक्रम विकास केन्द्र ।

फ्रिम्यान/Freeman, D. (1991). *To make the tacit explicit: Teacher education, emerging discourse, and the concept of teaching knowledge*. In J. Alatis (Ed.), *Georgetown University Round Table on Languages and Linguistics* (pp. 131–146). Georgetown University Press.

बस्नेत, प्रमिला (२०७९). *नेपाली भाषा शिक्षणमा सूचना प्रविधिको उपयोग,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

ब्राउन/Brown, H. D. (2007). *Teaching by principles: An interactive approach to language pedagogy* (3rd ed.). Pearson Education.

भण्डारी, पारसमणि (२०५७). *भाषा र साहित्य शिक्षणका केही पक्ष,* वाणी प्रकाशन ।

भण्डारी, पारसमणि, ओझा, रामनाथ र अर्याल, डोलराज (२०७०). *भाषिक अनुसन्धान विधि,* पिनाकल पब्लिकेशन ।

रिचर्डस र लकहर्ट/ Richards, J. and C. Lockhart (1996). *Reflective teaching in second language classrooms.* Cambridge University Press.

रिमाल, डिल्लीराम (२०५३). *नेपाली शिक्षण,* दो. सं., विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६९). *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०). *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शाही, खडकबहादुर (सन् २०२४). भाषिक पृष्ठभूमिका दृष्टिकोणले बहुभाषिक कक्षा व्यवस्थापन, *Innovative Research Journal*, *3*(1), 101–115. https://doi.org/10.3126/irj.v3i1.71034

श्रेष्ठ, श्यामभक्त (२०४९). *राम्रो शिक्षणको लागि प्रायोगिक पुस्तक,* कौशल प्रकाशन ।

साह, नागेन्द्र (२०८०). *नेपाली भाषा शिक्षणमा प्रयोग भएका योजना र विधि,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

हार्मर/Harmer, J. (2008). *The practice of English language teaching* (4th ed.). Pearson Education.